राष्ट्रिय दैनिक

# पूर्वी हटलाइन

Purbi Hotline National Daily

विवाहलगायत अन्य भोज भतेरमा फजुल खर्च नगरौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : ८, अंक : ३०७ २०७८ चैत्र १ गते मंगलबार (March-15-2022) नेपाल संवत ११४२, पृष्ठ: ४ मूल्य रु. ५/-

# प्रदेश १ सभामा सञ्चार माध्यमसम्बन्धी विधेयक दर्ता



हटलाइन संवाददाता

विराटनगर/प्रदेश नं. १ सरकारले सञ्चार क्षेत्रलाई सम्बोधन गर्नेगरी 'प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८' प्रदेश सभामा दर्ता गरेको छ । यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयले दर्ता गरेको विधेयकमा रेडियो, टीभी, अनलाइन तथा पत्रपत्रिका सबैलाई एकीकृत ऐनमा समेट्ने प्रयास गरिएको छ ।

प्रदेश सभामा विधेयक दर्ता भएपछि सोमबार आयोजित पत्रकार भेटघाटमा बोल्दै यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले सरकारको तर्फबाट पहिलो विधेयक नै सञ्चार क्षेत्रलाई सम्बोधन गर्नेगरी आएको जानकारी दिए। उनले ऐनमार्फत प्रदेशमा 'प्रदेश मिडिया काउन्सिल'को व्यवस्था गरिएको बताए । काउन्सिलमार्फत पत्रपत्रिका तथा सञ्चार क्षेत्रको अभिलेखीकरण गरिने, नियमन गरिनेलगायतका काम गरिने उनले बताए ।

उक्त विधेयकमा प्रदेश मिडिया काउन्सिल गठन, श्रमजीवी पत्रकार, वीमा, विज्ञापन, पत्रकार प्रशिक्षणलगायत प्रसारणसम्बन्धी व्यवस्था गरिएको छ । त्यस्तै, महिला, दलित, अपाङ्गता भएकाहरूले पत्रकारिता विषयमा स्नातकोत्तर तहको अध्ययन गर्न चाहेमा प्रदेश सरकारले तोकिएबमोजिमको छात्रवृत्ति रकम उपलब्ध गराउन सक्ने व्यवस्था पनि गरिएको छ । यसैगरी महिला, दलित, अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका, दुर्गम क्षेत्रका एवम् बिभिन्न राष्ट्रिय भाषामा सञ्चालित सञ्चार माध्यमले तोकिएबमोजिम विशेष सहुलियत प्राप्त गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विधेयकमा प्रेस रजिष्ट्रारको व्यवस्था गरी प्रदेशबाटै पत्रकार परिचय पत्र वितरणको व्यवस्था मिलाइएको छ । विधेयकमा आठ परिच्छेद, ४५ धारा छन् ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को कार्यान्वयनमा बेवास्था हुन थालेको छ । ऐनमा उल्लेख भएअनुसार सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी तथा चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवाट सिट सुरक्षित राख्नुपर्ने र भाडादरमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेपनि त्यसको कार्यान्वयनमा चासो नदिएको गुनासो बढेको छ ।

ऐन कार्यान्वयनमा आएको सात वर्षपछि सरकारले 'सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि,२०७०' मा पचास प्रतिशत छुटलाई कार्यान्वयनमा ल्याउन, सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचारमा लाग्ने शुल्कमा ५० प्रतिशत छूट दिनुपर्ने व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन । ऐनमा सार्वजनिक सवारीसाधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग उपलब्ध गराउन गराउनु सबैको कर्तव्य हुनेछ भनिएको छ । संविधानको धारा ४१ को ज्येष्ठ नागरिकको हकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष मदनदास श्रेष्ठले ऐनमा व्यवस्था भएको अधिकार नै कार्यान्वयन नभएकाले सरकारले नै पहल गर्नुपर्नेमा जोड दिए ।

उनले ज्येष्ठ नागरिकलाई भाडामा छुट दिनुपर्ने भएकोले गाडीमा चडाउन र भाडा छुट दिन आनाकानी गर्ने गरेकोसमेत गुनासो गरे । ज्येष्ठ नागरिकहरूले परिचयपत्रको आधारमा सार्वजनिक यातायातामा र सरकारी अस्पताल (स्वास्थ्य उपचारमा)मा ५० प्रतिशत छुट दिने व्यवस्थालाई व्यवहारिक रुपमै कार्यान्वयनमा ल्याइनुपर्ने माग गर्दै आएका छन् ।

विगत ५/६ वर्षदेखि ७७ वटै जिल्लामा रहेका महिला बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण हुँदै आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राललयले जनाएको छ । सरकारले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मात्र वृद्ध भत्ता दिने गरेकाले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत जेष्ठ नागरिएकको छ ।

# व्यावसायीलाई कर शिक्षा दिइयो

कृष्णचन्द्र सुवेदी

विराटचोक/मोरङको सुन्दरहरैंचा नगरपालिकामा व्यवसायीका लागि कर शिक्षा र कर नीतिसम्बन्धी सूचना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सुन्दरहरैंचा उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा सरकारी निकायबाट हुने वस्तुको सेवा, छुट र जरिवाना लगायतका विषयमा रहेर व्यवसायीसँग अन्तरक्रिया सम्पन्न भएको हो । सुन्दरहरैंचा उद्योग वाणिज्य संघको आयोजना तथा करदाता सेवा कार्यालय विराटचोक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय विराटनगर र सुन्दरहरैंचा नगरपालिकाको सहकार्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा गुणस्तर तथा नापतौल कार्यालय विराटनगरका निरीक्षक सञ्जीवकुमार ठाकुरले भने,'व्यवसायी र व्यापारीहरुले पहिले आफ्नै हिसाबले प्याकेजिङ हुने, वितरण गर्ने जस्ता कुरा थिए ।' अहिले नयाँ नियम आएकाले नर्मल प्याकेज गर्न तोकिएको मापदण्ड अनुसार गर्न उनले सुझाए । मापदण्ड अनुसार नभए कैद र जरीवानाको सजाय हुने उनले जानकारी दिए ।

यस्तै, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका निमित्त प्रमुख सन्तोष पोखेलले नेपालको संविधान अनुसार उद्योग, व्यापार र व्यवसायको विषयमा कानुनी व्यवस्थाहरुका बारेमा जानकारी गराएका थिए ।

उत्पादकको दायित्व, बिक्रेताको दायित्व, ढुवानीकर्ताको दायित्व र जरिवाना सजायसम्बन्धी व्यवस्थाका विषयमा सहभागी व्यवसायीहरुलाई उनले जानकारी

बाँकी ४ पेजमा ...

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

**सेवा करारमा सहजकर्ता पदपूर्ति गर्ने सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०१**

इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सशर्त अनुदान अन्तरगत किसान सूचिकरणको लागि किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा १९ को उपदफा २ बमोजिम कृषक दर्ता तथा व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. ३ र ७ मा किसान सूचीकरण गर्न सहजकर्ता सेवा करारमा पदपूर्ति गरी देहायको संख्यामा करारमा राख्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या |
|---|---|---|---|
| १ | १०/०७८/०७९ | सहजकर्ता | ८ |

**१. आवश्यक शैक्षिक योग्यताः**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।
- आधारभूत कम्प्युटर सम्वन्धि ज्ञान भएको ।
- इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रोईड वा स्मार्ट मोवाईल ट्यावलेट वा ल्यापटप साथमा भएको र चलाउन जान्ने ।
- दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**२. दरखास्त दिने अन्तिम मितिः** २०७८/१२/०७ सम्म (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन आवेदन पेश गरिसक्नु पर्नेछ ।

**३. आवेदन दस्तुरः** रू. ४००/- (चारसय रूपैयाँ मात्र)

**४. छनौटको किसिमः** छोटो सूची तथा अन्तरवार्ता ।

**५. आवेदन फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरूः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरूः
- उम्मेदवारको व्यक्तिगत विवरण
- नेपाली नागरिकताको प्रतिलिपि
- माथि उल्लेखित न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- हालको ठेगाना खुल्ने प्रमाण पत्रको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो ३ प्रति
- इटहरी उपमहानगरपालिकाको राजश्व शाखामा तोकिएको परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर ।

**६. सेवा सुविधाः** किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथा प्रविष्ट गरे वापत रू. ७५/- का दरले वा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

**७. फारम प्राप्त गर्ने र वुझाउनु पर्ने स्थानः** इटहरी उपमहानगरपालिका कृषि विकास वा पशुपन्छी विकास शाखा इटहरी, सुनसरी वा नगरपालिकाको Website: http://itaharimun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।

८. आवेदन स्वीकृत अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार इटहरी उप महानगरपालिकालाई हुनेछ ।

९. रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । यदि झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही स्वयम आफै हुनु पर्नेछ ।

१०.स्थानीय र कृषि तथा पशुविज्ञान विषयमा उल्लेखित योग्यता भएकोलाई प्राथमिकता दिइनेछ ।

११. अन्य थप जानकारीको लागि इटहरी उपमहानगरपालिका सूचना शाखा, कृषि तथा पशुपन्छी विकास शाखामा सम्पर्क गर्न सकिनेछ वा इटहरी उपमहानगरपालिकाको Website: http://itaharimun.gov.np हेर्न सकिनेछ ।

# निबन्ध लेखनमा बाल प्रतिभा उत्कृष्ट

विराटचोक/नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ मोरङ २ नम्बर एकाइद्वारा आयोजित हस्तलेखन तथा निबन्धलेखन प्रतियोगिता सम्पन्न भएको छ । फागुन २१ गते भएको निबन्ध लेखन प्रतियोगिताको नतिजा २८ गते सार्वजनिक गरिएको हो । त्यस्तै २८ गते भएको हस्तलेखन प्रतियोगिताको नतिजा पनि शनिबार सार्वजनिक गरी पुरस्कृत गरिएको हो ।

५ कक्षासम्मका विद्यार्थीका लागि भएको प्रतियोगितामा लाइटिङ ग्लोबल एकेडेमी सुन्दरहरैंचा-६ की शिक्षा भट्टराई पहिलो भएकी हुन् । ज्ञानज्योति इङ्लिस बोर्डिङ स्कुल सुन्दरहरैंचा-७ की सञ्जना भुर्तेल दोस्रो भइन् । बालसदन एकेडेमी सुन्दरहरैंचा-९ की दिव्या केसी तेस्रो तथा स्कलर्स होम एकेडेमी सुन्दरहरैंचा-९ की ममता कार्कीले सान्त्वना स्थान हात पारे । प्रतियोगिताको निर्णायकमा अमृतप्रसाद आचार्य, प्रेमप्रसाद भट्टराई र दीपकप्रसाद न्यौपाने रहेका थिए ।

प्रतियोगिताका विजयी विद्यार्थीलाई प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो । हस्तलेखन प्रतियोगितामा सहभागी ३ दर्जन विद्यार्थीमध्ये पुरस्कृत हुने चारै जना छात्रा रहेका छन् । हस्तलेखन प्रतियोगिता नेपाली भाषामा गराइएको थियो । प्रतियोगिताको निर्णायकमा अनिस कार्की र तुलसी दास रहेका थिए ।

६ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीबीच भएको निबन्धलेखन प्रतियोगितामा बाल प्रतिभा सेकेण्डरी स्कुल सुन्दरहरैंचा-१० की रिया मास्के पहिलो भइन् । शिक्षा निकेतन माध्यमिक विद्यालय सुन्दरहरैंचा-८ की सन्ध्या पौडेल दोस्रो र ब्राइट फ्युचर सेकेण्डरी स्कुल सुन्दरहरैंचा-८ का प्रह्लाद न्यौपाने तेस्रो भए । उनीहरुले पनि नगद पुरस्कार र प्रमाणपत्र पाए । निबन्ध लेखन प्रतियोगितामा १७ जना विद्यार्थी सहभागी थिए ।

पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै सुन्दरहरैंचा नगरपालिकाका प्रमुख शिवप्रसाद ढकालले प्रविधिले हस्तलेखनलाई ओझेलमा पारे पनि यस्ता प्रतियोगिताले हस्तलेखनलाई सहयोग पुग्ने बताए । कोभिड महामारीपछि सुन्दरहरैंचाको शिक्षा क्षेत्रमा सुधारका कार्यक्रम उल्लेख्य मात्रामा भएको बताउँदै नगरप्रमुख ढकालले सामुदायिक र संस्थागत विद्यालयलाई सँगसँगै लैजान नगरपालिका प्रयासरत भएको बताए । नगरको प्रयासलाई विद्यालय, पुस्तक प्रकाशन गृह, पुस्तक व्यवसायी, शिक्षक, अभिभावक सबैको सहयोग रहेको उनले जनाए ।

१२ कक्षासम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मा दिने नीति सकारात्मक रहेको बताउँदै सुन्दरहरैंचामा स्थानीय पाठ्यक्रम लागू गर्न नगरपालिकाले काम

बाँकी ४ पेजमा ...

## निबन्ध ...

गरिरहेको बताए । स्थानीय तहको शिक्षाको अवस्था जनप्रतिनिधिले मात्रै बुझ्ने उनको भनाइ थियो । शिक्षामा सुधार ल्याउन अझै केही चिन्तन र सोचको खाँचो रहेको उनले औंल्याए । यस वर्ष ७ वटा सामुदायिक विद्यालयमा स्मार्ट कक्षा सञ्चालन हुने पनि उनले जानकारी दिए ।

कार्यक्रममा बोल्दै महासंघका प्रदेश अध्यक्ष रञ्जन शर्माले विद्यालय र पुस्तक व्यवसायीबीच समन्वय गर्न यस्ता कार्यक्रम सहयोग हुने बताए । निबन्ध लेखनमा अपेक्षाकृत सहभागिता हुन नसके पनि उल्लेख्य सहभागिता रहेको उनको भनाइ थियो ।

महासंघका केन्द्रीय उपाध्यक्ष सञ्जीव सत्यालले आयोजक संस्थाको उत्कृष्ट कार्यको प्रशंसा गरे ।

प्याब्सन मोरङका सहसचिव मनोज रेग्मीले पुस्तक व्यवसायी, प्रकाशन गृह, शिक्षक, विद्यार्थी सबैलाई जोड्न महासंघको यो कार्यक्रम सफल भएको धारणा राखे । सुन्दरहरैंचाका विद्यालय र नगरप्रमुखबीच बारम्बार हुने छलफल र सहकार्यले नगरमा शिक्षा क्षेत्रको विकासमा टेवा पुगेको उनको भनाइ थियो ।

निबन्ध लेखन प्रतियोगिताका निर्णायक अमृतप्रसाद आचार्यले निबन्धलेखन प्रतियोगिताको व्यवस्थापन उत्कृष्ट भएको बताए । निबन्ध लेखिएको कागजमा प्रतियोगीको नाम र विद्यालय चिनाउने कुनै संकेत नराखी कोण नम्बर दिएर पठाइएको हुनाले प्रतियोगितामा विजयी हुने विद्यार्थीको नाम मूल्याङ्कनर्तालाई नै थाहा नहुने गरी गरिएको व्यवस्थापनको उनले खुलेर प्रशंसा गरे ।

कार्यक्रम गर्नुको औचित्य महासंघका मोरङ अध्यक्ष दिवाकर भट्टराईले गरेका थिए । महासंघको २ नम्बर एकाइ अध्यक्ष चुडामणि घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासंघका जिल्ला सचिव दुर्गाप्रसाद घिमिरेले गरेका थिए ।

कार्यक्रममा कोसेली प्रकाशन, प्रसिद्ध पब्लिकेसन, आठराई पब्लिकेसनलगायतका विभिन्न प्रकाशन गृहका प्रतिनिधि पनि उपस्थित थिए ।

# नियमसंगत काम गरेको कटहरी गाउँपालिकाको दावी

कुमोद अधिकारी

विराटनगर/मोरङको कटहरी गाउपालिकाले यस कार्यालयबाट ठेक्का वन्दोवस्त लगायतका कामहरु विधिसम्मत प्रक्रियागत तवरले भइरहेकाले यस्ता विषयलाई लिएर विगत केहि दिन आइरहेका समाचारमा कुनै सत्यता नभएको जनाएको छ । सो पालिकाले पत्रकार सम्मेलन गरि केहि व्यक्तिले आफ्नो निहित राजनीतिक स्वार्थकालागि केहि झुठा समाचार सम्प्रेषण गराएर समग्र पालिकालाई वदनाम गराउन खोजेकाले सत्यतथ्य बुझेर समाचार सम्प्रेषण गर्न पालिकाले संचारकर्मीलाई आग्रह गरेको छ । सो पालिकाले वालुवा र भरौट विक्रि कर संकलन सम्वन्धमा वोलपत्र आव्हान गरि ठेक्काका सवै प्रक्रिया पु¥याएकाले यस विषयमा विवाद गर्नु आवश्यक नभएको कटहरी गाउपालिकाका अध्यक्ष रामकुमार कामतले वताए । उनले गाउपालिकाको आठौ वैठकले धरौटी फिर्ता गर्ने निर्णय अनुसार दोश्रो कवोल अंक पेश गर्ने श्री उरी निमार्ण सेवा विराटनगरलाई धरौटी वापतको रकम फिर्ता गरेको उनको भनाइ थियो । उनले आगामी स्थानीय निर्वाचनलाई लक्षित गर्दै नेकपा माओवादीका वडा अध्यक्षले कपोकल्पित र भ्रामक समाचार फैलाएर आफु र नेपाली कांग्रेसलाई वदनाम गर्न खोजेको आरोप लगाए। कटहरी गाउपाकिलकाले शिक्षा, स्वास्थ्य, लगायत पुर्वाधार तथा विकास निर्माणको काम साथै पालिकाबाट हुने सेवा प्रवाहमा समेत उल्लेखनीय काम गरेको अध्यक्ष कामतको भनाइ थियो ।

नेकपा माओवादी केन्द्र कटहरी गाउपालिकाले गाउँपालिकाको विषयमा आएका समाचारका विषयमा आएका कुराको सत्यतथ्य छानविन गर्न आग्रह गरेको जनाएको छ । समाचारमा आएका विषयको वास्तविक्ताको बारेमा छानविन गर्न तीन दिनको समयमा दिएको र सो अल्मिेटमा सकिएकाले त्यसको कार्यान्वयन नभएकाले थप दावावका कार्यक्रम ल्याउने सो पालिकाका वार्ड न २ का अध्यक्ष एवम् माओवादी कटहरी गाउँ कमिटि अध्यक्ष किशोर पाण्डेले वताए ।

## व्यावसायीलाई ...

गराएका थिए ।

यस्तै, करदाता सेवा कार्यालय विराटचोकका प्रमुख कमलहरि खतिवडाले आय कर, मूल्य अभिवृद्धि कर, कर कट्टी, अग्रीम कर कट्टी, अन्तशुल्क र इटिडिएसका विषयमा जानकारी गराएका थिए । व्यवसायीका समस्यालाई समाधान गर्न कर शिक्षा कार्यक्रमले सहयोग पुग्ने भएकाले यो कार्यक्रम आयोजना गरिएका आयोजक संस्था सुन्दरहरैंचा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णप्रसाद रिजालले बताए ।

कार्यक्रममा सहभागीले व्यापार व्यवसाय गर्दा आइपर्ने समस्याहरु राखेका थिए । खास गरी प्याकेजिङमा कम्पनीबाटै त्रुटि भएर आउने गरेकाले बिक्रेताले सोको समाधानका विषयमा प्रश्न गरेका थिए । करीब सय जनाको उपस्थिति भएको कार्यक्रममा प्रमुख अतिथि सुन्दरहरैंचा नगरपालिकाका प्रमुख शिवप्रसाद ढकाल रहेका थिए ।

## सुनको मूल्य घट्यो

इटहरी/सुनचाँदी बजारमा सोमबार छापावाल सुनको मूल्य प्रतितोला ५०० ले घटेर एक लाख दुई हजार ३०० मा आएको छ । पहिलो धातु आइतबार प्रतितोला एक लाख दुई हजार ८००मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार सोमबार तेजाबी सुनको मूल्य प्रतितोला एक लाख एक हजार ८०० तोकिएको छ । जसको मूल्य आइतबार प्रतितोला एक लाख दुई हजार ३०० थियो ।

## समाचार रेखा

### झापा गोल्डकपको उपाधी आर्मीलाई

विर्तामोड/झापा गोल्डकपको उपधिमा विभागिय टोली त्रिभुवन आमीले ह्याट्रिक गरेको छ । झापाको विर्तामोड स्थित डोमलाल राजवंशी रंगशालामा भएको फाइनल खेलमा चिरप्रतिद्वन्द्वी झापा-११ लाई २-१ गोल अन्तरले हराउँदै लगातार तेश्रो पटक उपाधि जितेको हो । यसअघि पहिलो, तेश्रो र चौथो संस्करणमा आमीले झापालाई हराउँदै उपाधि चुमेको थियो । आर्मीको झापा गोल्डकपमा चौथो उपाधि समेत हो । पहिलो संस्करणमा समेत झापा-११ लाई हराउँदै आर्मीले उपाधि जितेको थियो । आर्मीको जितमा टेकबहादुर बुढाथोकी र कप्तान जर्जप्रिन्स कार्कीले गोल गरे । झापाका तर्फबाट विमल घर्ती मगरले सान्तवना गोल फर्काए । खेलको १८ औ मिनेटमा टेकबहादुरले आर्मीलाई सुरुवाती अग्रता दिलाए । सुमन अर्यालको क्रस पासमा टेकबहादुरले उत्कृष्ट फिनिस गरे । ३ मिनेट नवित्दै जर्जप्रिन्सले अग्रता दोब्बर बनाए । गोलरक्षक र डिफेन्सको तालमेल नमिल्दा जर्जप्रिन्सले जाली चुमाए । गोलरक्षक दिप कार्की अघि बढेको मौकामा उनले गोल गरेका थिए । २४ औ मिनेटमा विमल घर्तीले गोल अन्तर कम बनाए ।




तिरुपति अटोसिटी (यामाहा शोरुम)
पश्चिम लाइन, इटहरी, ०२५–५८०४५३, ९८५२०४८२३२, ९८१७३७७८००


## इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७८/१२/०१**

यस इटहरी उपमहानगरपालिका अन्तर्गत क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रमका देहाय बमोजिमका पदहरु करार सेवा मार्फत आ.ब. २०७८/०७९ का लागि पूर्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेद्वारहरुले तोकिएको ढाँचामा रित पूर्वक दरखास्त फारम भरी नागरिकता प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाण पत्रको प्रतिलिपी एवम् परीक्षा दस्तुर वापत बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | बिज्ञापन नं. | पद | तह/श्रेणी | परीक्षा दस्तुर | माग संख्या | शैक्षिक योग्यता | अनुभव | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९/०७८/०७९ | क्षयरोग मुक्त अभियान- संयोजक | अधिकृत स्तर | १०००। | १ | जनस्वास्थ्य बिषय वा सो सरहको बिषयमा स्नातक तह उर्तिण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । **अन्य योग्यता :** Microsoft package (Word, Excel, Powerpoint लगायत अन्य Computer Software संचालनको ज्ञान भएको । | कम्तिमा ३ बर्ष स्वास्थ्य प्रणाली र १ बर्ष क्षयरोग कार्यक्रमको अनुभव भएकालाई प्राथमिकता दिईनेछ । | Short listing, र अर्न्तवार्ता |
| २ | ११/०७८/०७९ | अनुगमन मुल्यांकन तथा डाटा व्यवस्थापन सहायक | सहायक स्तर | ५००। | १ | मान्य प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह वा स्टाफ नर्स कोर्ष उर्तिण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । **अन्य योग्यता :** Microsoft package (Word, Excel, Powerpoint लगायत अन्य Computer Software संचालनको ज्ञान भएको । | सम्बन्धित क्षेत्रमा कम्तिमा १ बर्षको अनुभव प्राप्त | Short listing, र अर्न्तवार्ता |

**अन्य आवश्यक विवरणहरु**

- **दरखास्त दिने अन्तिम मिति :-** २०७८।१२।१४ गते कार्यालय समय भित्र
- **पारिश्रमिक :-** कार्यक्रम निर्देशिका अनुसार सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।
- **कार्य अवधि :-** २०७९ असार मसान्त सम्म (आवश्यकता अनुसार म्याद थप हुन सक्ने) ।
- **कार्य गर्ने समय :-** सरकारी कार्यालयको समय अवधि भर
- नेपाल बाहिरको शैक्षिक योग्यताको प्रमाण पत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपी ।
- म्याद नाघी आएको र रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुनेछैन ।
- **अनुभवको हकमा :-** तोकिएको शैक्षिक योग्यता पुरा गरी सम्बद्ध कार्यमा अनुभव भएकालाई ग्राहयता दिईनेछ ।
- **सम्पर्क मिति :-** सूचना प्रकाशित भएको मितिले १६ औं दिन कार्यालय समय भित्र ।
- अन्य थप जानकारी चाहिएमा इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ वा इटहरी उपमहानगरपालिकाको Website:http://itaharimun.gov.np हेर्न सकिनेछ ।

*नोट :- स्थानीयलाई प्राथमिकता दिइनेछ ।*

## 06x/L pkdxfgu/kflnsfaf6 hfl/ ul/Psf]!% lbg]Dofb ;"gf

जिल्ला सुनसरी, साविक एकम्बा- ४ (क) हाल इटहरी उपमहानगरपालिका वडा नं. १६ को कि.नं. २७०, ६९७, ८१७, २६९ को क्षे.फ. ०-४-१० मा तपसिलको विवरणमा भए बमोजिमको इट्टा, ढुङ्गा, सिमेन्ट जोडाइ गरी बनाउने/बनिसकेको पक्की नयाँ घरको नक्सा पास गरीपाऊँ भनी इटहरी - १६ मा अशोक जैन समेत ३ जनाले दिएको निवेदनअनुसार निवेदकको पक्की नयाँ घरको नक्सा पास गरिदिदा साँध संधियारहरुलाई कुनै पिर मर्का पर्छ पर्दैन ? आफूलाई पिर मर्का परी हानी नोक्सानी हुने भए सो सूचना तपाईंले पाएको वा घरदैलोमा टाँस भएको मितिले १५ दिनभित्र दर्खास्त साथ उजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजीम यो सूचना जारी गरिएको छ । म्यादभित्र कसैको उजुर पर्न नआएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजीम नक्सा पास भइजाने छ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**साँध सधियाँरहरुः**

पूर्व- बाटो । पश्चिम- बाटो । उत्तर- केशव प्रसाद चापागाईं । दक्षिण- नारायण प्रसाद अग्रवाल (बाटो) । लम्बाई - १४४’ ६” । चौडाई - ६९’ ११” । उचाई- २६’ ०” । तला संख्याः भूइं ।

## 06x/L pkdxfgu/kflnsfaf6 hfl/ ul/Psf]!% lbg]Dofb ;"gf

जिल्ला सुनसरी, साविक वडा नम्बर - ६ (ख) हाल इटहरी उपमहानगरपालिका वडा नं. ७ को कि.नं. १५५९ को क्षे.फ. ०-०-९ मा तपसिलको विवरणमा भए बमोजिमको इट्टा, ढुङ्गा, सिमेन्ट जोडाइ गरी बनाउने/बनिसकेको पक्की नयाँ घरको नक्सा पास गरीपाऊँ भनी इटहरी - ७ मा डम्बर कुमारी न्यौपानेले दिएको निवेदनअनुसार निवेदकको पक्की नयाँ घरको नक्सा पास गरिदिदा साँध संधियारहरुलाई कुनै पिर मर्का पर्छ पर्दैन ? आफूलाई पिर मर्का परी हानी नोक्सानी हुने भए सो सूचना तपाईंले पाएको वा घरदैलोमा टाँस भएको मितिले १५ दिनभित्र दर्खास्त साथ उजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजीम यो सूचना जारी गरिएको छ । म्यादभित्र कसैको उजुर पर्न नआएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजीम नक्सा पास भइजाने छ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**साँध सधियाँरहरुः**

पूर्व- निर्मला देवी नेपाली । पश्चिम- नारायण प्रसाद भट्टराई । उत्तर- बाटो । दक्षिण- इटहरी उपमहानगरपालिकाको जग्गा । लम्बाई - ३६’ ०” । चौडाई - २६’ ७” । उचाई- ३६’ ९” । तला संख्याः दोस्रो ।

सल्लाहकारः हर्ष सुब्बा, प्रधान सम्पादकः शालीग्राम पाण्डे, (९८४२१०५९९५) सम्पादकः सुकदेव चौधरी, प्रकाशक : सामेल पाण्डे, कार्यकारी सम्पादकः प्रेमबहादुर कार्कीढोली (राजन केडी), प्रमुख संवाददाताः जनक पाण्डे, वितरण/व्यवस्थापनः कृष्ण बस्नेत, कार्यालयः इटहरी–६, सुनसरी फोनः ०२५–५८६६१३, इमेलः purbihotlinedainik1@gmail.com मुद्रणः सामुदायिक अफसेट प्रेस, इटहरी–सुनसरी

## .. ;DkfbsLo ..

# मतदाता शिक्षा देउ

देशमा बैसाख ३० गते स्थानिय तहको निर्वाचन हुँदैछ, निर्वाचन आयोगले मतदाताहरुलाई मतदाता शिक्षा दिनु पर्ने हुन्छ । मतदाता शिक्षा नभएका कारण धेरै मतदान गर्न जानेका हुँदैनन् मत दिन्छन् तर सही ठाउँमा मत नहुँदा मत पत्र विग्रिन जान्छ । कतिपयले छाप कहाँ लाउने हो जानेको हुँदैन र हातको औंलाको छाप लाएका हुन्छन् । कतिपयले आफुले कुन निर्वाचन चिन्ह रोजेको हो सो चिन्ह चिन्न सक्दैनन् । कतिपयले छाप सही ढंगले लाँए पनि मत पत्र पट्याउन नजान्दा मत पत्र विगारेको अवस्था छ । कतिजनालाईँ चुन्ने हो ? छाप कसरी लाउने हो ? मत पत्र कसरी पट्याउने हो ? आदी कुरा हेर्न सिकाउनु पर्ने हुन्छ ।

मतपत्रमा मतदान गर्दा कहिले कही मतपत्रमा लाउने स्वस्तिक छाप खुस्केको हुन सक्छ कसैले स्वस्ति छाप लुकाई दिएर अर्को कुनै छाप राखि दिएको हुन सक्छ । मतदातालाई यस विषयमा जानकारी गराउनु निर्वाचन आयोगको दायित्व हो । निर्वाचन भन्नासाथ मतदता शिक्षा जोडिन जान्छ मतदाताले मतदान गर्न जानेको छैन भने मतदानको के अर्थ रहन्छ ? विगतका निर्वाचनमा निर्वाचन आयोगले भरपर्दो ढंगले निर्वाचन शिक्षा दिएको पाइएन । निर्वाचन आयोगले मतदाता शिक्षामा विगतमा बेठी तिर्ने काम गरेको थियो । निर्वाचन आयोग आफ्नो दायित्वबाट पन्छीन मिल्दैन आम मतदातालाई मतदान सम्बन्धि शिक्षा दिनु पर्ने हुन्छ ।

निर्वाचन आयोगले मतदातालाई मतदान किन गर्ने के का लागि मतदान गर्ने ? कस्तो व्यक्तिलाई मतदान गरेर निर्वाचित गराउने आदी वारेमा पनि शिक्षा दिनु पर्ने हुन्छ । मतदानमा कसैले यो निम्नमा छाप लाउनु भनेर बाध्य पार्नु हूँदैन ? मतदान कार्य गोप्य हुने भएकाले मैले यो व्यक्तिलाई मतदान गरें भन्नु हूँदैन मतदानका बारेमा मतपत्रमा हस्ताक्षर छ छैन, मतपत्र च्यातिएको वा मतपत्रमा कुनै कुराहरु लेखिएको आदी हुन सक्छ त्यसबारेमा पनि मतदाता चनाखो हुनुपर्छ पत्रपत्रमा कतिपयले पैसा राख्ने गरेको, कसैलाई चिठी लेख्ने गरेको अर्थात फलानालाई नै मत गरेको चिनुन भनेर मतपत्र चिन्ने संकेत गरेको खण्डमा मतपत्र रद्द हुन्छ त्यसैले मतदान गर्ने चिन्हमा छाप लाउने बाहेक मतपत्रमा कुनै केरमेट गर्ने, कुनै संकेत गर्न मिल्दैन । के गरेमा मतपत्र बदर हुन्छ मतपत्र बदर हुन नदिने के कस्ता कुरामा ध्यान दिनुपर्छ ? यस्ता धेरै कुराका बारेमा निर्वाचन आयोगले मतदातालाई शिक्षा दिनु पर्ने हुन्छ ।

# घरघर जाऔं, कांग्रेस जिताऔं अभियान मोरङमा शुरू

हटलाइन संवाददाता

विराटनगर/नेपाली कांग्रेसको 'घरघर जाऔं, कांग्रेस जिताऔं ' एक महिने अभियान मोरङको विराटनगर-८ स्थित भगवती थानबाट शुरु भएको छ ।

नेपाली कांग्रेस मोरङले विराटनगरमा पत्रकार सम्मेलनगरि मोरङ जिल्लाका विराटनगर महानगरपीलका लगायत सवैपालिका वडा तथा टोलटेलमा अभियान प्रारम्भ गरेको जनाएको छ ।

अभियाकालागी केन्द्रवाट खटेर आउनु भएका प्रतिनीधी एवं नेकां केन्द्रीय सदस्य केशवकुमार वुढाथोकी र अर्का सदस्य डा. डिला सङग्रौलाले आगामी स्थानियतहको निर्वाचनमा कांग्रेसलाई विजय वनाउन अभियान शुरु भएको वताए । उनीहरुले जनताको शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाका सम्वन्धमा सुझाव सङ्लन गर्ने र ती समस्याहरु पालिकाहरुवाट समाधान हुने भए पलिकावाट नभए केन्द्रतहवाट समाधानकालागी पहल गर्ने बताए ।

कांग्रेस केन्द्रिय सदस्य वुढाथौकीले जनतालाई लोकतन्त्र, संविधानको रक्षा, मुलुकको समृद्धि र जनताको जीवनस्तर उकास्न नेकां वर्तमान सरकारमा वाध्यतावस सहभागी हुनु परेको भन्दै अभियानले कांग्रेसको वर्तमान सरकारले गरेको कामका वारेमा जनताको घरदैलोमा गएर जानकारी गराइने वताए ।

ऋभियानले विगतको सरकारले तीन बर्षको अवधिमा भ्रष्टाचार, हत्या हिंसा मुलुकमा वेथिति कायम गरेकोले त्यसलाई न्यूनिकरण गर्न वर्तमान गठबन्धन सरकारको नेतृत्व गरेको जनतालाई स्पष्ट पार्ने उनले वताए ।

उनले स्थानीय तह एवं टोलटोलबाट आएको सुझाव स्थानीय निर्वाचनमा गठबन्धन सम्वन्धमा निर्णय गरिने समेत बताए । उनले नेपाली कांग्रेसले अव नेताको अघिपछि हिडने नभई स्थानिय स्तरमा जनताले रुचाएको जिल्ला तह तथा वडा प्रदेसको सिफारिसमा स्थानियतहको निर्वाचनका लागी उमेदार छनोट गरे ।

नेपाली कांग्रेस केन्द्रिय सदस्य एंव सासंद डा. डिला संग्रौलाले नागरिकता लगायतका थुप्रै विधेयक संसदबाट पास गर्नु पर्ने आवश्यक्ता औंल्याउँदै सोही अनुसार सोचले सरकार अगाडि वढिरहेको जनतालाई जानकारी गराउने वताए ।

उनले एमसिसी, नागरिकक्ता विधेयक, विगत सरकारले गरेको गल्ति र वर्तमान सरकारले गरेका राम्रा कामका विषयमा जनतालाई प्रष्टपार्न एक महिने अभियान शुरु गरेको र अभियानले आगामी निर्वाचनमा पार्टी एक भएर जाने र पार्टीको पंक्षमा जनलहर आउने दावी गरे ।

# सम्मान गृहको उद्घाटन

हटलाइन संवाददाता

इटहरी/इनरुवा वडा नम्वर ६ मा सम्मान गृहको इनरुवा नगरपालीको उपमेयर जमुना पोखरेल द्वारा रिवन काटेर उद्घाटन गरीएको छ ।

इनरुवा ६ मा सञ्चालन हुन लागेको सम्मान गृहको उद्घाटन कार्यक्रममा बोल्दै उमेयर जमुनाले प्रकृतिले दिएको गुणलाई हामीले सम्मान गर्नुपर्छ किनकी प्रकृति विना हामी अलग हुन सक्दैनौ त्यसैले तेस्रो लिङ्गीहरुलाई पनि यो समाजमा वाच्नको लागी उतिकै सम्मान चाहिन्छ वहाहरुलाई पनि वाच्नको लागी अन्य लिङ्गीलाई जतिनै सेवा सुविधा र अधिकार दिनुपर्छ त्यसको लागी इनरुवा नगरपालीमा आउन लागेको वजेटमा यस विषयमा सम्वोधन गरीने र पुर्ण रुपमा सहयोग हुने वताइन् ।

निलहिरा समाज काठमाण्डौ र मानव कल्याण समाज इटहरी द्वारा सञ्चालित सम्मान गृह उद्घाटन तथा सरोकारवालाहरु सगको वैठक कार्यक्रममा वोल्दै मानव कल्याण समाज इटहरीको कार्यक्रम संयोजक देवानन्द चौधरीले लैङ्गिक हिंसामा परेका अल्पसंख्यकहरुलाई तत्काल उद्धार गर्नको लागी यो सम्मान गृह स्थापना गरीएको वताए । कार्यक्रममा इनरुवा हस्पीटलका स्वास्थ्य संयोजक विजय गुरागाई, महिला सहयोगी समुह इटहरीको सल्लहकार कमला खड्का, इनिस्पेक्टर मिनादेवी राई लगायतको उपस्थीती रहेको थियो ।

हाउस वाइरिङ, प्लम्बीङ सम्बन्धी काम गर्नुपरेमा **सम्पर्क नं.** : ९८००९५४३१३

21 CENTURY



यहाँ जेन्स आइटमका सम्पूर्ण सामाग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।

**सम्पर्क**

प्रो. दिवश राई
धरान-९, पुतलीलाइन
मो. नं. : ९८६२०२०५०३

**ए टप टेलर्स**



धरान-१२, कलेज रोड (सिद्धार्थ बैंक छेउ)
प्रो. मुराद अन्सारी
सम्पर्क नं. ९८०५३५८२७६

**यहाँ जेन्स आइटमका कोट, पेन्ट, सर्ट, बनाइनुका साथै लेडिज तथा स्कुल कलेजका कपडाहरु सिलाइन्छ । अर्डर बमोजिम सुट स्पेसलिष्टका लागि सम्झनुहोला ।**

**उपभोक्ताहरुलाई सूचना**

विवाह लगायतका बनभोज, कार्यक्रममा कुखुराको मासु, अण्डा चाहिएमा सम्पर्क नं : ९८५२०४८६८०

**सयपत्री फ्रेस हाउस, इटहरी**

कुखुराकाका चल्ला, अण्डा, बट्टाईको अण्डा, दाना चाहिएमा **पूर्वाञ्चल शक्ति फ्रेस हाउस**, इटहरी-६, (टेङ्ग्रा खोलाको बाटो)लाई सम्झनुहोस्

**सम्पर्क नं.** : ९८४२२३३०२४

## सुन्दरहरैंचा नगरपालिकाद्वारा संधियारको नाममा जारी १५ दिने सूचना

सुन्दरहरैंचा नगरपालिका वडा नं. ०६ बस्ने अनिता लम्साल (ढकाल)ले निजको नाममा दर्ता रहेको साबिक दुलारी-७(ग) हाल सुन्दरहरैंचा न.पा. वडा नम्बर ५ सडक शाखा बाटोमा पर्ने कित्ता नं. ६००७ क्षेत्रफल ०-२-०-० भित्र यस न.पा. मा पेश गरेको नक्साबमोजिमको घर निर्माण गर्दा निवेदन पेश गरेकोमा सँधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ पेश हुन आएको प्रमाण र नापीको आधारमा निर्माण स्वीकृति दिँदा तपाईको जग्गालगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ, हुँदैन, सन्धी सर्पन हानी नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिका कार्यालयमा उजुर गर्न यो सूचित गरिन्छ। म्याद नाघी आएको उजुरीउपर कुनै किसिमको कारवाही नहुने जानकारी गराइन्छ । निर्माणकर्तालाई सूचना टाँस भएको मितिले १६ दिनमा वडा समिति कार्यालयमा सम्पर्क राख्नुहुन र स्वीकृतिपत्रपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐनबमोजिम कारवाही हुने बेहोरा जानकारी गराइन्छ ।

**निर्माणको निमित्त प्रस्तावित जग्गाको चार किल्लाको विवरण**

| दिशा | छोडेको आफ्नो जग्गा | कि.नं. | नाम, ठेगाना |
|---|---|---|---|
| उत्तर | २'-५" | ६९१ | दुर्गा नेपाल |
| दक्षिण | २'-६" | २१४ | टेकेन्द्र मगर |
| पूर्व | ३३'-०" | ६४९३ | सरस्वती सिग्देल |
| पश्चिम | १०६'-०" | - | बाटो |

**घरको नाप**

लम्बाई : ६१'-०' चौडाई ३०'-६" उचाई : २२'-५" तला संख्या : भुई+प्रथम

## इटहरी उपमहानगरपालिका ६ नं. वडा कार्यालयबाट घर बहालबालाको नाउँमा भएको १५ दिने म्यादको सुचना ।

*इटहरी उपमहानगरपालिका वडा नं. ६ बस्ने तपाई श्री नैन सिं वि क को छोरा बर्ष ४२ को शुरेस वि क सुनसरी जिल्ला साविक प्रकाशपुर ३ का नाउँमा इटहरी उपमहानगरपालिका ६ नं. वडा कार्यालयबाट जारी भएको प्रथम पटक १५ पन्ध्र दिने म्यादको सूचना ॥*

इटहरी उपमहानगरपालिका वडा नं. ६ बस्ने घर धनी श्री सुनिता वर्देवाले तपाई श्री नैन सिं वि क को छोरा बर्ष ४२ को शुरेस वि क सुनसरी जिल्ला साविक प्रकासपुर ३ विरुद्ध मुलुकी देवानी संहिता २०७४ को दफा ४०४(१) बमोजिम घर कोठा खाली गरिपाउँ भनी निवेदन दर्ता भएको हुँदा मुलुकी देवानी संहिता २०७४ को दफा ४०४(२) बमोजिम यो प्रथम पटक १५ पन्ध्र दिने म्याद सूचना जारी गरेको छ । यो म्याद सूचना तपाईले पाए वा कानून बमोजिम टाँस भएको १५ दिनभित्रमा यस कार्यालयमा हाजिर हुन सूचित गरिएको छ । सो म्याद भित्र हाजिर हुन नसके वा म्याद गुजारी बसे प्रचलित कानुन बमोजिम भई जाने छ भन्ने व्यहोरा यसै सूचना म्याद फार्मत जानकारी गराइन्छ ।

**ज्यो.पं. कमल दाहाल,**
**राष्ट्रिय ज्योतिष तथा वास्तु परामर्श केन्द्र**
*इटहरी-८, (राधाकृष्ण मन्दिरपछाडि)*



**सम्पर्क: ९७४२००८३३७, ९८६२०५८२३३, ९८१०४०३७७६,** नोट: ज्योतिष बस्तु, तथा धार्मिक परामर्श, पुराण वाचन, कर्मकाण्ड, धार्मिक पुस्तक तथा सामग्रीका लागि सदैव सम्झनुहोस् ।

| | | |
|---|---|---|
| चु चे चो ला लि लु ले लो अ लो अ | मेष | स्वास्थ्य राम्रो रहने छ । रात छिप्पिंदै जाँदा के गर्ने के नगर्ने भन्ने बेचैनी हुन सक्छ । |
| इ उ ए ओ वा वि वु वे | वृष | वादविवाद, मुद्दामामिला र दैनिक काममा चुनौतीको सामना गर्नुपर्छ,जनको आशीर्वचन प्राप्त हुनेछ । |
| क कि कु घ ङ छ के को हा | मिथुन | रिणाम तपाईंकै पोल्टामा आउने छ । बन्दव्यापार र उद्योगधन्दामा फाइदा छ । |
| हि हु हे हो डा डि डु डे डो | कर्क | वैदेशिक प्रयोजनको वा लामो दूरीको यात्राका लागि प्रयास हुने सम्भावना छ। मनमा उल्लास, हर्ष र आनन्दको वातावरण प्राप्त हुनेछ। |
| मा मि मु मे मो टा टि टु टे | सिंह | यात्राको सम्भावना छ । बेलुका घरायसी समस्याहरू देखापर्न सक्छन् । |
| टो पँ पी पु ष ण ठ पे पो | कन्य | मातापिता वा परिवारको ज्येष्ठ सदस्यको स्वास्थ्य चिन्ताको विषय बन्नसक्छ, तर डराउनु पर्दैन, समय तपाईंको पक्षमा नै रहने छ। |
| रा री रु रे रो ता ती तु ते | तुला | मानप्रतिष्ठा र सामाजिक मर्यादाप्रति सचेत रहनु होला, बोलीमा खासै प्रभाव रहने छैन । |
| तो ना नि नू ने नो पा पि पू | वृश्चिक | जुवातास र सट्टाबाजीबाट जोगिनु पर्छ। अनिच्छित जिम्मेबारी वहन गर्नुपरे पनि ख्याति बढ्ने सम्भावना छ । |
| य यो भा भी भू ध फा ढ भे | धनु | दिनभरि पारिवारिक वातावरण आफ्नै पक्षमा रहने छ, तर साँझपख चन्द्रमा अझ खर्चबृद्धि गराउने घरमा पुग्नेछ । |
| भो जा जी जू जे जो ख खि खु खे खो गा गी | मकर | पतिपत्नी वा प्रेमी/प्रेमिकाका बीचमा मनोमालिन्य हुनसक्छ । |
| गु गे गो सा सी सु से सो द | कुंभ | छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । इष्टमित्रले प्रशंसा गर्नेछन् । सहयोगीहरूले साथ दिनेछन् । |
| दी दू थ झ ञ दे दो च ची | मीन | आलस्य र थकानको अनुभूति हुनेछ, झञ्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । |

सहकारीका खाताहरु नपाएर चिन्ता लिइरहनु भएको छ ?

चिन्ता नलिनुहोस् सहकारीलाई चाहिने, खाताहरू, रसिद, भौचर लगायत सम्पूर्ण सामाग्री सुपथ मुल्यमा पाइन्छ ।



अटो स्टाम्प बनाइन्छ

फ्लेक्स प्रिन्ट गरिन्छ

साथै छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सामुदायिक अफसेट प्रेस

इटहरी-६, सुनसरी

सम्पर्क नं.
९८५२०५७३४८/९८१०४०१२४४/९८४२१०५९९५

# स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न



हटलाइन संवाददाता

गछिया/मोरङको सुन्दरहरैँचा नगरपालिका ६ नं. वडामा रहेको नेपाल आदिवासी जनजाती महासंघ भवनको सभाहलमा शनिवार स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम नेपाल आदिवासी जनजाती महासंघ सुन्दरहरैँचा नगर परिषद्को आयोजनामा भएको हो । कार्यक्रमका सभा अध्यक्ष नेपाल आदिवासी जनजाती महासंघ नगरपरिषद्का अध्यक्ष सुमन याक्खाले गरेका थिए । कार्यक्रमका प्रमुख अतिथी नेपाल आदिवासी जनजाती महासंघ प्रदेश १ का सभापति ध्रुव सुब्बाको प्रमुख आतिथ्य रहेको थियो । विशिष्ट अतिथीहरु सुन्दरहरैँचाकी उपमेयर धनमाया तामाङ, माओवादी केन्द्रका प्रदेश १ का सहसचिव कुमारी राई, प्रदेश १ नेकपा एमाले जिल्ला कमिटी सदस्य अजम्बर राई, एमाले कमिटी सदस्य इशान कुमार राई रहेका थिए । अतिथीहरु ज.स.पा.का जिल्ला सदस्य चित्रबहादुर पयाङगो, नेकपा एमाले जिल्ला सदस्य जीवनकुमार राई लगायत विभिन्न पाटी तथा जातीय संघसंस्थाको प्रतिनिधित्व रहेको थियो ।

कार्यक्रममा स्वागत भाषणद्वारा स्वागत सम्बोधन उपस्थित जनसमुदायलाई नेपाल आदिवासी जनजाति महासंघ नगर परिषद्कि उपाध्यक्ष अक्कली चौधरीले गरेकी थिइन् । कार्यक्रमको सञ्चालन नगरपरिषद्का सचिव द्वय योगेन्द्र याम्फु र सन्तोष लिम्बुले गरेका थिए । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघमा रही उत्कृष्ट योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा विभिन्न जातिय भेषभुषामा सजिएका कलाकार भाइबहिनीहरुले गीत तथा नाच प्रदर्शन गरेर कार्यक्रमलाई रमाइलो बनाइएको थियो । कार्यक्रममा प्रमुख अतिथी, विशिष्ट अतिथी र अतिथीहरुले कार्यक्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना मन्तव्य दिएर बोलेका थिए । (टिकाराम बि.क.बाट)

## श्री ज्योति माध्यमिक विद्यालय

इटहरी उप-महानगरपालिका वार्ड नं. ५ हरगडा सुनसरी
स्थापना वि.सं. २०२५
(प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङ्ग सञ्चालित)

**तालिम खुल्यो । तालिम खुल्यो ॥ तालिम खुल्यो ॥।**

इटहरी उपमहानगरपालिका भित्रको एक मात्र प्राविधिक सरकारी सामुदायिक विद्यालयमा तुरुन्त रोजगार प्राप्त गर्न सक्ने ३९० घण्टे छोटो अवधिको सीपमूलक तालिम निःशुल्क सरकारी कोटामा तालिम खुल्यो । CTEVT बाट स्वीकृत तालिममा सहभागी भई मौकाको फाइदा उठाउनुहोस् ।

**तालिम दिने विषयहरू**

- प्लम्बिङ : २० जना
- मेसन (गारो लगाउने) : २० जना
- फारम भर्ने मिति: २०७८/१२/८ गते सम्म
- अन्तरवार्ता : २०७८/१२/९
- आवश्यक कागजातहरु : १. नेपाली नागरिकताको प्रमाण पत्र
  २. कक्षा ५ उत्तीर्ण गरेको प्रमाण पत्र पेश गर्नुपर्ने छ ।

स्थान : श्री ज्योति मा.वि. इटहरी-५, सुनसरी

श्री ज्योति माध्यमिक विद्यालय
इटहरी-५, सुनसरी
फोन नं. ०२५-५८६५७८, ९८४२१०२७२५

**Cafe Trio & Restro**
धरान-१०, सैनिक भवन लाइन
सम्पर्क नं. : ९८२०७२१४५४
नोट : कफि, कोल्ड र स्पेशल हट आइटम, फाष्ट फुड, वारिष्ट्रा ट्रेनिङ, रिफ्रेसर आइटम पाइन्छ । सेप्रेट रुम फ्रेन्डली वातावरणको सुविधा रहेको छ । वारिष्टा ट्रेनिङ पनि गराईन्छ ।

सर्वोत्तम प्लेट दानाको डिलर अब मंगलबारे धरानमा
**रेवता पोल्ट्री सप्लायर्स**
धरान-११, मंगलबारे (हङकङ रोड)
**हाम्रा सेवाहरू**: - बोइलर, लेयर्स, बट्टाई, गिरिराजको चल्ला साथै गुणस्तरीय दानाको विक्री गरिन्छ । रसायनिक मल, अर्ग्यानिक मल, किट्नाशक विसादी, विउ, कृषि सामाग्री, पशुपक्षिको औषधि साथै सुपथ मुल्यमा खुद्रा तथा थोक विक्रेता । तपाईहरुको आफ्नै घर आगनमा रहेको जानकारी गराउँदछौं ।
प्रो. आशिष जङ्ग कार्की
सम्पर्क नं. : ९८११३९७८६६, ९८६९०८६६४४

**कफि जोन**
धरान-१०, मुनाल चौक
प्रो. रोनाहाङ राई
सम्पर्क नं. : ९८०७००७७९८
यहाँ पिकालो लाट्टे, कोटार्डो, बेबिचिनो, साकेराटो, पिज्जा आइटम, स्पेशल कफि, हार्ड ड्रिङ्स, कोल्ड ड्रिङ्स, अमेरिकन ब्रेक फास्ट, कन्टिनेन्टल ब्रेक फास्टका आइटमहरु उपलब्ध छ । साथै आरामदायि व्यवस्था समेत रहेको जानकारी गराउँदछौं ।
**नोट : वारिष्टा ट्रेनिङ पनि गराइन्छ ।**

## बिमालेख हराएको सूचना

धरानबाट इटहरी जाने क्रममा क्रममा मेरो निम्न व्यहोरा भएको एशियन लाईफ इन्स्योन्स धरान शाखामा भएको मेरो बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।
नाम : चन्द्रवती न्यौपाने
पोलीसि नं.६०११००१३०५
नाम : निर्मला तामाङ
पोलिसि नं. ६०१२००१३८५०

## राहदानी हराएको सूचना

मिति २०७८ फागुन २ गते विराटचौक देखि विराटनगर जानेक्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा जिम्मा लगाई दिनुहुन अनुरोध गर्दछु ।
नाम : पवन खवास
ठेगाना : भुल्के-६, मृगौलिय, मोरङ
राहदानी नं. : ०६०७७६६२
मोवाइल नम्बर : ९८१२३३१७०७

**सलेहा कलेक्सन**
यहाँ ट्रेन्डीक अनुसारका लेडिज कपडाहरु सुपथ मुल्यमा सिलाइन्छ ।
**धरान-९, गौतम पथ**
**एमडी समिम, मो.** ९८०४३५३२४५

तपाईको स्वास्थ्य प्रति हाम्रो चाहना
**नवोमी जीवन फार्मेसी**
धरान-१९,
यलम्बर चौक

**नोट** : -यहाँ रोग अनुसारको औषधिहरु सुपथ मुल्यमा पाइन्छ । MBBS डाक्टरहरुद्वारा जाँच गराइनुका साथै सम्पूर्ण ल्याब टेष्ट गरिन्छ । स्वास्थ्य सम्बन्धी सम्पूर्ण सेवाहरु प्रदान गरिन्छ साथै मास्क, सेनिटाइजर, स्वास्थ्य सामाग्रीहरु उपलब्ध छ ।
प्रो. नविन कुमार लिम्बु
सम्पर्क नं. : ९८१९०४९१९७

दाँत तथा मुखको उपचारका लागि सम्झनुहोला
**शुभ पाथीभरा डेन्टल प्रा.लि.**
धरान-१८, बुद्धचौक, धरान इमेजिङ रिसर्च सेन्टर अगाडि
मो.९८१०५३९१४६
९७४१८८१०

सेवाहरु : दाँत परिक्षण, दाँत सफा गर्ने, गिँजा सुनिने, गिँजाबाट रगत आइ राख्ने, दाँतमा सिमेन्ट भर्ने दाँत तथा मुख सम्बन्धी शल्यक्रिया, जटिल दाँत निकाल्ने, कृत्रिम नयाँ दाँत राख्ने, दाँतलाई जरादेखि सफा गरेर भर्ने आर.सि.टी., डेन्टल एक्स-रे, विना दुखाई जुनसुकै दाँतको उपचार गर्नका लागि सम्झनुहोला ।

## Silichong Rural Municipality
## Office ofthe Rural Municipal Executive

Tamku, Sankhuwa-sabha
Province No.1, Nepal

**Invitation forSealed Quotation**

Date of Publication:2078/12/01

1. *Silichong Rural Municipality, Sankhuwasabha* invites bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | DescriptionofWork (FabricationPackage) | Estimated Amount, NRs(Excluding VAT) | Bid Security Amount(NRs) | Fee of Bid Document(NRs)(Not refundable) |
|---|---|---|---|---|
| *SRM-SQ-TB-08-078/79* | Fabrication of Steel parts and transportation upto road heads ofChatekma,Sisuwa, SankhuwasabhaSSTB | 8,95,949.65 | 25,500.00 | *1000.00* |
| *SRM-SQ-TB-09-078/79* | Fabrication of Steel parts and transportation upto road heads of ward office BalaSankhuwasabhaSSTB | 8,63,741.66 | 24,500.00 | *1000.00* |
| *SRM-SQ-TB-10-078/79* | Fabrication of Steel parts and transportation upto road heads of Lohorungma, Tamku , Sankhuwasabha SSTB | 12,05,018.71 | 34,500.00 | *1000.00* |
| *SRM-SQ-TB-11-078/79* | Fabrication of Steel parts and transportation up to road heads of Lohorungma, Tamku , Sankhuwasabha SSTB | 14,86,483.57 | 42,500.00 | *1000.00* |

**2. Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| Fabrication of Steel parts and transportation up to road heads of Chatekm, Sisuwa, Sankhuwasabha SSTB | 45 Days after bid opening(2079/01/31) | 30 days beyond Bid Validity Period( 2079/02/30) | 2078/12/15 During Office Hours | 2078/12/16 12:00 Hrs. | 2078/12/16 13:00 Hrs. | Electronics Bid Only. |
| Fabrication of Steel parts and transportation up to road heads of ward office BalaSankhuwasabha SSTB | | | | | 13:30 Hrs | |
| Fabrication of Steel parts and transportation up to road heads of Lohorungma, Tamku , Sankhuwasabha SSTB | | | | | 14:00 Hrs | |
| Fabrication of Steel parts and transportation up to road heads of Lohorungma, Tamku , Sankhuwasabha SSTB | | | | | 14:30 Hrs | |

3. For Further Details bidders are requested visit website www.silichongmun.gov.np ornotice board of Silichong Rural Municipality Office or may visit PPMO egp system*www.bolpatra.gov.np/egp.*
4.Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: **Everest Bank (Silichogn Branch), Tamku, Sankhuwasabha**
Name of Office: ***Silichong Rural Municipality, Sankhuwasabha***
Office Account Number: **08400106200011** (Internal Rajaswa Account)
DharautiKhata Number: **08400106200003**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The supplier should be on the list of local infrastructure development department and agricultural road.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

***Chief Administrative Officer***